बैठक संख्या: ०१(२०८०/८१)

मिति २०८०।०४।२१ गते जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सरोकारवालाहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), २०८० रसुवाको बैठक बसी निम्नानुसारका निर्णय गरियो।

**उपस्थिति:**

**विशेष उपस्थिति:**

| | |
|---|---|
| मा.ईन्द्र प्रसाद गोतामे | प्रदेश सभा सदस्य, बागमती प्रदेश |
| श्री अशोक कुमार घिमिरे | प्रमुख, जिल्ला समन्वय समिति, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**जिल्ला समिति:**

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री प्रकाश चन्द्र अधिकारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति | सदस्य |
| | श्री नुर्वु साङ्वो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका | सदस्य |
| | श्री प्रतिमा तामाङ | उपाध्यक्ष | गोसाईकुण्ड गाउँपालिका | सदस्य |
| | श्री मिरा तामाङ | उपाध्यक्ष | कालिका गाउँपालिका | सदस्य |
| | श्री चन्द्र बहादुर गलान | उपाध्यक्ष | नौकुण्ड गाउँपालिका | सदस्य |
| | श्री पेम्बा छिरिङ तामाङ | सभापति | नेपाली कांग्रेस, रसुवा | सदस्य |
| | श्री कर्न्याल लामा | अध्यक्ष | ने.क.पा.(एमाले) | सदस्य |
| | श्री फुर्पु तेन्जेन तामाङ | अध्यक्ष | ने.क.पा.(माओवादी केन्द्र) | सदस्य |
| | श्री | | राष्ट्रिय | सदस्य |
| | श्री प्रमोद भट्टराई | प्रमुख संरक्षण अधिकृत | लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय | सदस्य |
| | श्री बिक्रम थापा | प्रमुख सेनानी/गणपति | श्री विष्णुदल गण, ब्राबल ब्यारेक | सदस्य |
| | श्री सुयास बुढाथोकी | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |



CamScanner

| | | | |
|---|---|---|---|
| श्री सुमन थापा | सशस्त्र प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. | सदस्य |
| श्री शिवराम घिमिरे | वरिष्ठ अनुसन्धान सहायक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री रमाकान्त अर्याल | ईकाइ प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई | सदस्य |
| डा.अमित कुमार साह | मि.मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल | सदस्य |
| श्री अनित रेग्मी | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय | सदस्य |
| ई.गोविन्द प्रसाद भुर्तेल | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का. | सदस्य |
| श्री भिमसागर गुरौंगाई | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | सदस्य |
| श्री अनिल भट्टराई | प्रशासन प्रमुख | नेपाल विद्युत प्रा. धुन्चे वितरण केन्द्र | सदस्य |
| श्री रामचन्द्र श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम ९८४१०५०३३० | सदस्य |
| श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जि. | सदस्य |
| श्री केशव पौडेल | अध्यक्ष | पत्रकार महासंघ रसुवा | सदस्य |
| श्री हेमनाथ खतिवडा | अध्यक्ष | गैर सरकारी संस्था, महासंघ रसुवा | सदस्य |
| श्री सुप्साङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य महासंघ रसुवा | सदस्य |
| श्री संजिव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्श | सदस्य |
| श्री लोकेन्द्र बहादुर ज्ञवाली | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

अन्य उपस्थिति:

| | | |
|---|---|---|
| श्री गणेश गैर | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय |
| श्री सुरेश सुवेदी | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| श्री ध्रुव कुमार श्रेष्ठ | आयोजना प्रमुख | गल्छि त्रिशूली मैलुङ स्याफ्रुवेशी सडक योजना |
| श्री मिलन सापकोटा | संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय |
| श्री बृहस्पति तामाङ | कार्यालय प्रमुख | घरेलु तथा साना उद्योग कार्यालय |
| श्री केसाङ तमाङ | लेखा प्रमुख | गोसाईकुण्ड गाउँपालिका |
| श्री वाचस्पति सुनुवार | लेखा अधिकृत | कालिका गाउँपालिका |
| श्री अमर बहादुर जि.सी. | प्रमुख प्रशासकीय अधिकृत | आमाछोदिङ्मो गाउँपालिका |

| | | | |
|---|---|---|---|
| | श्री रविन्द्र ठकुरी | विपद् फोकल व्यक्ति | उत्तरगया गाउँपालिका |
| | श्री सुष्मा न्यौपाने | जिल्ला समन्वयकर्ता | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (प्रतिवद्ध) |
| | श्री प्रमोद तितुङ | | हरित युवा पर्यटन विकास समाज |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय |
| | दुर्गा प्रसाद आलमी | | |
| | ध्रुवकुमार श्रेष्ठ | योजना प्रमुख | गण्डकी त्रिशुली मैलुङ स्याफ्रुबेंसी (दुवागाढी) सडक योजना, नुवाकोट |
| | [illegible] प्र. लामिछाने | अध्यक्ष | ने.क.पा. एकिकृत समाजवादी |
| | मधुराज खतिवडा | प्रि. [illegible] | माथिल्लो त्रिशुली -१ (२१६ मे.वा.) ज.वि. आयो |
| | राजेन्द्र सिंह शाह | ~~नौकुण्ड गा.पा.~~ शिक्षा अधिकृत | नौकुण्ड गा.पा |
| | रमण प्र. न्यौपाने | उद्योग शाखा | नौकुण्ड गा.पा. |
| | सन्दिप पौडेल | वडा अध्यक्ष | कालिका-६ |
| | मना पाण्डे | [illegible] | माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.) |
| | कृष्ण उपाध्याय | CSRC प्रतिवद्ध परियोजना | नौकुण्ड गाउँपालिका |
| | निमा नुर्बु तामाङ | नि.प्र.प्र. अधिकृत | आ.खो.गा.पा. गोल्जुङ बेंसी, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

(बैठक- जिल्ला विपद् व्यवस्थापन समिति, रसुवा,)

निर्णयहरू:

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan-DPRP), २०८० परिमार्जन सहित स्वीकृत गरियो र उक्त योजना तत्काल कार्यान्वयन गर्ने।

२. विपद् व्यवस्थापनका कृयाकलापहरूको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी सम्भावित विपद् जोखिम न्यूनीकरण गर्ने उद्देश्यले देहाय बमोजिमको कार्य गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने:

- जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाबाट स्वीकृत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० बमोजिम स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तयार गरी कार्यान्वयन गर्न र सो को प्रति जिल्ला विपद् व्यवस्थापन समितिमा समेत पठाउन,
- जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र (DEOC) र स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र (LEOC) बीच भएको समन्वय र सहकार्यलाई थप प्रभावकारी एवम् प्रविधिमैत्री बनाउने साथै LEOC स्थापना गर्न बाँकी भएका स्थानीय तहमा LEOC स्थापना गर्न,
- विपद्को दृष्टिकोणले जोखिमयुक्त र असुरक्षित भवन तथा स्थानमा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न,
- विपद् व्यवस्थापनको लागि स्थानीय विपद् व्यवस्थापन कोषमा यथोचित बजेट विनियोजन गर्न,
- विपद् व्यवस्थापनका लागि DDMC को समन्वयमा आपत्कालिन नमुना अभ्यास गर्न,
- आफ्नो क्षेत्रभित्र सम्भावीत जोखिमलाई दृष्टिगत गरी विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणाली सञ्चालन गर्न,
- विपद्को समयमा परिचालन गर्न सकिने आवश्यक उपकरणहरू आफ्नो कार्यालय र नजिकको सुरक्षा निकायमा रहनेगरी तत्काल परिचालित हुने अवस्थामा राख्न,
- विपद् लगायतका कार्यमा परिचालन हुने गरी स्वंयमसेवक समूह गठन गरी सुरक्षा निकाय समेतको समन्वयमा तालिमको व्यवस्था गरी तत्काल परिचालन हुने व्यवस्था मिलाउन,
- विपद् सम्पर्क व्यक्तिहरूको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउन,
- विपद् जोखिम न्युनीकरण गर्न उपलव्ध प्रविधिको उच्चतम प्रयोग गरी नागरिकलाई सु-सूचित गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न,

३. पासाङल्हामु राजमार्गको जोखिम युक्त स्थानहरूमा डिभिजन सडक, नुवाकोटले र गल्छी त्रिशूली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडकखण्डको जोखिम युक्त स्थानहरूमा उक्त आयोजनाले साईन पोष्ट राख्ने ।

४. वर्षादको समयमा मौसमजन्य रोग फैलिन सक्ने सम्भावना भएकोले रसुवा अस्पताल, स्वास्थ्य कार्यालय र पालिकास्तरीय स्वास्थ्य संस्थाहरूले आवश्यक औषधी, उपकरण साथै जनशक्तिलाई तयारी अवस्थामा राख्ने।

५. विकास निर्माणसँग सम्बन्धित सडक, विद्युतगृह लगायतका आयोजनाहरूले निर्माण सम्बन्धी स्वीकृत मापदण्ड अनिवार्य रूपमा पालना गर्नेगरी कामदारको सुरक्षा व्यवस्था मिलाई कार्य सम्पादन गर्ने।

६. जिल्लास्थित सुरक्षा निकायहरूले विपद्को समयमा तत्काल परिचालन हुने गरी सुरक्षाकर्मी सहित आवश्यक उपकरण एवम् साधनस्रोत तयारी अवस्थामा राख्ने।

७. वर्षातको अवधिमा जिल्लामा खाद्यान्न लगायतका दैनिक उपभोग्य सामग्रीको मौज्दात भण्डारण उद्योग वाणिज्य संघ, रसुवा र रसुवा चेम्बर अफ कमर्शले समन्वयात्मक रूपमा व्यवस्थापन गर्ने।

८. यस जिल्लाको प्रमुख लोकमार्गको रूपमा रहेको पासाङल्हामु लोकमार्गमा कुनै अवरोध आउन नदिन उच्च प्राथमिकताका साथ नियमित मर्मत सम्भार गरी यातायात सञ्चालनमा सहजीकरण गर्न डिभिजन सडक, नुवाकोटलाई लेखी पठाउने।

९. मनसुनको समयमा विपद् उद्धार लगायतका अत्यावश्यक कार्यका लागि जिल्लास्थित सार्वजनिक निकायहरूका सवारी साधन (चारपाङ्ग्रे) हरू समेत प्रयोग गर्न सक्ने गरी आ-आफ्ना मातहतका सवारी साधन चालू अवस्थामा राख्न सबै कार्यालयका कार्यालय प्रमुखहरूलाई निर्देशन दिने।

१०. २०७२ सालको भूकम्प पश्चात आपतकालिन संरक्षणको लागि निर्माण भएको भवनहरू सम्बन्धित कार्यालयहरूलाई मर्मत सम्भार गर्न अनुरोध गर्ने।

११. घरेलु तथा साना उद्योग कार्यालयको मुख्य गेट नजिक रहेको मूल बाटो पहिरोको उच्च जोखिममा रहेकोले मर्मत सम्भारको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

१२. पशुमा लाग्ने लम्पि स्किन रोगको नियन्त्रणका लागि पशु सेवा विभागलाई अनुरोध गर्ने। साथै, स्थानीय तहले लम्पि स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि सक्रियता बढाउन अनुरोध गर्ने।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा